मानननीय अर्थमंत्री

डा. रामशरण महतले २०६३ जेठ १ गते प्रतिनिधिसभासमक्ष प्रस्तुत गर्नुभएको

# अर्थतन्त्रको वर्तमान अवस्थासम्बन्धी
# श्वेतपत्र २०६३

अर्थ मन्त्रालय

२०६३

# अर्थतन्त्रको वर्तमान अवस्थासम्बन्धी
# श्वेतपत्र २०६३

***सभामुख महोदय,***

१. मुलुकमा पूर्ण लोकतन्त्र स्थापनाका लागि सात राजनीतिक दलहरुको नेतृत्वमा सञ्चालन भएको जनआन्दोलनको सफलताबाट नेपाली जनताले मुलुकको सार्वभौम तथा राजकीय सत्ता पुनः प्राप्त गरेका छन् । आन्दोलनमा अभिव्यक्त जनभावनाको प्रतिनिधित्व गर्दै मुलुकमा विद्यमान रहेको सबै खाले द्वन्दको अन्त्य गर्ने जनादेश सहितको प्रतिनिधिसभाको पुर्नस्थापना भई लोकतान्त्रिक सरकार समेत गठन भइसकेको छ ।

२. शान्तिपूर्ण ऐतिहासिक जनआन्दोलन सफल पार्न ठूलो त्याग गरी अत्याधिक संख्यामा जनसमुदायको संलग्नता रह्यो । आन्दोलन शान्तिपूर्ण हुँदाहुँदै पनि तत्कालिन सरकारको बर्बर र दमनकारी व्यवहारले गर्दा २१ जना होनहार नेपालीले सहादत प्राप्त गरे भने लगभग ५ हजार घाइते हुन पुगे । आदरणीय शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै आन्दोलनका क्रममा घाइते भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आन्दोलनमा सहभागी हुने सम्पूर्ण जनसमुदाय, संघ, संस्था, नागरिक समाज, पेशाकर्मी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

३. लोकतन्त्र स्थापनापछिको खुल्ला वातावरणमा राज्य सञ्चालन लगायत राज्यका विविध गतिविधिको सूचना प्राप्त गर्नु नागरिकहरुको अधिकार हो । जनताको सुसूचित हुन पाउने हकलाई सम्मान गर्दै मुलुकको वर्तमान आर्थिक अवस्थालाई जनसमुदायबीच जस्ताको तस्तै प्रस्तुत गर्ने जिम्मेवारीको बोध वर्तमान सरकारले गरेको छ । तसर्थ मुलुकको अर्थव्यवस्थाको मोटामोटी अवस्था, राजस्व र सार्वजनिक खर्चको स्थिति, अर्थतन्त्रमा देखापरेका चुनौती, चुनौती सामना गर्न तत्काल लिनु पर्ने कदम आदि जस्ता विषयहरु सार्वजनिक गर्ने उद्देश्यले प्रतिनिधिसभामार्फत अर्थतन्त्रको वर्तमान अवस्थासम्बन्धी श्वेतपत्र २०६३ आम नागरिक बीच राख्न खोजिएको छ ।

**उत्पादन क्षेत्र**

४. आर्थिक वर्ष २०५८/५९ भन्दा अघि करीब १० वर्षको अवधिमा कुल गार्हस्थ उत्पादनको वृद्धिदर औसत ५.१ प्रतिशतको हाराहारीमा रहेकोमा प्रतिनिधिसभा विघटन पश्चात् सिर्जना भएको राजनैतिक गतिरोध, प्रजातान्त्रिक संरचनाहरुको अभाव, सशस्त्र द्वन्द आदिका कारण मुलुकको राजनीतिक वातावरणमा मात्र नभई आर्थिक, सामाजिक लगायत समग्र पक्षमा नकारात्मक प्रभाव पर्न गयो । लगानीको वातावरण धुमिल बन्न पुग्यो जसको कारण आर्थिक वर्ष २०५८/५९ मा आर्थिक वृद्धिदर ऋणात्मक रहन गयो र त्यस पछिका वर्षहरुमा खासै सुधार भएन जसको फलस्वरुप विगत तीन वर्षको कुल गार्हस्थ उत्पादनको औसत वृद्धिदर २.७ प्रतिशत मात्र रहेको छ ।

५. मुलुकमा गहिरिँदै गएको राजनैतिक संकट, हिंसात्मक द्वन्द र अशान्ति, जनतामा रहेको नैराश्यता, भौतिक पूर्वाधारहरुको बिग्रँदो अवस्था एवम् लगानीकर्ताहरुमा नीतिगत स्थायित्व रहन्छ भन्ने विश्वासको अभाव जस्ता प्रमुख कारणहरुबाट लगानीको वातावरण कमजोर रहेको अवस्थाको प्रत्यक्ष प्रभाव अर्थतन्त्रमा पर्न गयो । चालु आर्थिक वर्षको हालसम्मको प्रवृत्तिलाई हेर्ने हो भने गैर कृषि क्षेत्रको उत्पादन २.० प्रतिशत र कृषि क्षेत्रको १.५ प्रतिशतले वृद्धि हुन गई चालु आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादनको वृद्धिदर १.८ प्रतिशत मात्र रहन जाने अनुमान छ । वर्तमान जनसंख्या वृद्धिदर २.२४ प्रतिशतको तुलनामा आर्थिक वृद्धिदर कम भएकोले चालु

आर्थिक वर्षमा नेपाल र नेपालीको आर्थिक अवस्थामा सुधार होइन की जनता झन बढी गरीब हुने अवस्था रहेको तथ्यलाई इङ्गित गर्दछ ।

६. औद्योगिक उत्पादनको स्थिति विगत चार वर्षमा दिन परदिन दयनीय हुँदै गएको छ । आर्थिक वर्ष २०५८/५९ को अन्तमा औद्योगिक उत्पादनको सूचाकाङ्ग ३३४.६ भएकोमा आर्थिक वर्ष २०६०/६१ को अन्तमा ३१७ मा झरेको छ । घरेलु तथा साना उद्योगहरुको संख्या र लगानीमा तीव्र रुपले कमी आएको छ । आर्थिक वर्ष २०५८/५९ को अन्तमा यस्ता उद्योगको संख्या ९८९० र कुल स्थिर पूँजी लगानी रु. ७ अर्व ७२ करोड भएकोमा आर्थिक वर्ष २०६०/६१ मा संख्या घटेर ७१३३ र स्थिर पूँजी लगानी घटेर रु. ६ अर्व ११ करोड पुगेको छ । पर्यटन व्यवसाय र सेवाका अन्य क्षेत्रहरुमा पनि ह्वासोन्मुख प्रवृत्ति देखिएको छ । कृषि कर्जा र उत्पादकत्व वृद्धिको लागि आवश्यक अन्य सेवा पुऱ्याउन ध्यान नदिएकाले यस क्षेत्रको आर्थिक वृद्धिदर विगत ४ वर्षमा निराशाजनक नै रह्यो ।

**मौद्रिक क्षेत्र**

७. आर्थिक वर्ष २०५५/५६ देखि २०५८/५९ सम्म विस्तृत मुद्रा प्रदायको औसत वृद्धिदर १५.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०५९/६० देखि २०६२/६३ सम्म भने विस्तृत मुद्रा प्रदाय औसतमा ११.० प्रतिशतका दरले मात्र बढेको देखिन्छ । विगतका जननिर्वाचित सरकारहरुद्वारा अन्तर्राष्ट्रिय जगतमा कायम भएको सुसम्बन्ध र उदार श्रम नीतिका कारण वैदेशिक रोजगारीमा वृद्धि भएको हुनाले विप्रेषण आप्रवाह (Remittance) मा भने उत्साहजनकरुपमा वृद्धि भएको छ । यसबाट खुद वैदेशिक सम्पत्तिमा वृद्धि हुन गई आर्थिक वर्ष २०६२/६३ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १३.० प्रतिशत रहने अनुमान गरिएको छ । निजी क्षेत्र तर्फको कर्जा प्रवाह भने त्यति उत्साहजनकरुपमा बढेको छैन । आर्थिक वर्ष २०६१/६२ को प्रथम सात महिनामा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ९.३ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्षको सोहि अवधिमा ९.७ प्रतिशतले मात्र बढेको छ ।

८. आर्थिक वृद्धि शिथिल रहे पनि विप्रेषण आप्रवाहका कारण आवधिक निक्षेप उल्लेखनीयरुपमा बढेको छ । चालु आर्थिक वर्षको प्रथम सात महिनासम्ममा आवधिक निक्षेप ७.१ प्रतिशतले बढी रु. २१७ अर्ब ४१ करोड पुगेको छ जव कि गत वर्षको सोहि अवधिमा यस्तो निक्षेप ३.५ प्रतिशतले मात्र बढेको थियो ।

**बाह्य क्षेत्र**

९. आर्थिक वर्ष २०५५/५६ देखि २०५८/५९ को चार वर्षको अवधिमा कुल निर्यातको वार्षिक औसत वृद्धि १६.३ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षको अनुमान समेत समावेश गर्दा आर्थिक वर्ष २०५९/६० देखि २०६२/६३ सम्म निर्यातमा क्रमिक सिथिलता आई वार्षिक औसत वृद्धिदर ८.७ प्रतिशत मात्र रहन गएको छ । अघिल्लो चार वर्षको अवधिमा भारततर्फको निर्यात औसत ३५.५ प्रतिशतले बढेकोमा पछिल्लो चार वर्षमा औसत १३.१ प्रतिशतले मात्र बढेको छ । अन्य मुलुकतर्फको निर्यात अघिल्लो अवधिमा ३.७ प्रतिशतले वृद्धि भएकोमा पछिल्लो अवधिमा ३.० प्रतिशतले मात्र वृद्धि भएको छ ।

१०. अघिल्लो चार वर्षको अवधिमध्ये आर्थिक वर्ष २०५५/५६ र २०५८/५९ मा कुल आयात घटेको र बाँकी दुई वर्षमा वृद्धि भएकोले उक्त अवधिमा कुल आयात औसत ५.४ प्रतिशतले बढेको थियो । पछिल्लो चार वर्षको अवधिमा भने कुल आयातको औसत वृद्धिदर १३.८ प्रतिशत रहेको छ । उपरोक्त दुबै अवधिमा भारतबाट भएको आयात निरन्तर वृद्धि भई औसत वृद्धिदर अघिल्लो र पछिल्लो अवधिमा क्रमश: २०.१ प्रतिशत र १८.० प्रतिशत रहेको छ । अन्य मुलुकबाट भएको

आयातको औसत वृद्धिदर अघिल्लो अवधिमा २.९ प्रतिशतले ऋणात्मक रहेकोमा पछिल्लो अवधिमा औसत ८.२ प्रतिशतले बढेको छ । यस प्रकार अघिल्लो अवधिमा औसत ०.१ प्रतिशत मात्रले वृद्धि भएको व्यापार घाटा पछिल्लो अवधिमा १७.७ प्रतिशतले बढेको छ ।

११. अघिल्लो चार वर्षको अवधिमा उल्लेख्य वचतमा रहने गरेको खुद सेवा आय पछिल्लो चार वर्षमा मुख्य गरी पर्यटन आयमा आएको शिथिलता र नेपालीले विदेशमा गरेको भ्रमण खर्च उल्लेख्य रहेको कारणले आर्थिक वर्ष २०६१/६२ देखि घाटामा रहन गएको छ । पछिल्लो अवधिमा नेपालीहरु वैदेशिक रोजगारीको लागि विदेश जाने क्रम बढेकोले विप्रेषण आयमा क्रमिक वृद्धि भई आर्थिक वर्ष २०६१/६२ मा ११.९ प्रतिशतले बढेको थियो र चालु वर्षको हालसम्मको प्रवृत्ति हेर्दा ४५ प्रतिशतको हाराहारीमा बढ्ने अनुमान रहेको छ ।

१२. व्यापार घाटा बढे पनि विप्रेषण आप्रवाह (Remittance) ले गर्दा चालु खाता वचतमा रही शोधानान्तर समेत वचतमा रहेको छ । बैकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय सञ्चिति २०५९ आषाढ मसान्तमा १ अर्ब ३५ करोड अमेरिकी डलर (रु. १०५ अर्ब ९० करोड) रहेकोमा २०६२ फाल्गुण मसान्तमा यो सञ्चिति २ अर्ब २ करोड अमेरिकी डलर (रु. १४४ अर्ब ४५ करोड) पुगेको छ । उपरोक्त विदेशी विनिमय सञ्चितिको स्तर २०५९ आषाढ मसान्तमा ११.८ महिनाको वस्तु आयात धान्न पर्याप्त रहेकोमा २०६२ फाल्गुण मसान्तमा ९.८ महिनाको वस्तु आयात धान्न सक्ने रहेको छ ।

**मुल्य स्थिति**

१३. आर्थिक वर्ष २०५८/५९ मा राष्ट्रिय उपभोक्ता मूल्य सूचकांकमा आधारित विन्दुगत मुद्रास्फीती दर ३.० प्रतिशतको हाराहारीमा थियो भने आर्थिक वर्ष २०६१/६२ मा यो मूल्य स्थिति ४.० प्रतिशतले बढेको थियो । चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा यो वृद्धिदर ७.७ प्रतिशत पुगिसकेको छ । यसबाट जनताको क्रयशक्तिमा ह्रास आएको देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थमा भएको व्यापक मूल्य वृद्धिको प्रभाव नेपालमा समेत पर्न गएको छ र यसको प्रभाव अन्य क्षेत्रमा समेत परेको छ । पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यका आधारमा नियमितरुपमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्ने व्यवस्था विगतमा संस्थागत हुन नसक्दा पेट्रोलियम पदार्थको मूल्य वृद्धिको चाप अर्थतन्त्रमा एकै चोटी पर्न जाने र सर्वसाधारण जनताको दैनिक जीवनमा समेत नकारात्मक प्रभाव पर्ने अवस्था सिर्जना भएको छ । माथि उल्लेख गरिएका आर्थिक परिसूचकहरुको विवरण अनुसूची १ मा छ ।

**राजस्व**

१४. आर्थिक वर्ष २०५९/६० देखि २०६२/६३ सम्मको चार वर्षको अवधिमा श्री ५ को सरकारको राजस्व औसत ९.४ प्रतिशतले मात्र बढ्यो । आर्थिक वर्ष २०५५/५६ देखि २०५८/५९ सम्म राजस्व परिचालन वार्षिक सरदर ११.६ प्रतिशतले वृद्धि भएको थियो ।

१५. चालु आर्थिक वर्षमा कर राजस्व रु. ६३ अर्ब ८५ करोड र गैर कर राजस्व रु. १६ अर्ब ४१ करोड गरी जम्मा रु. ८१ अर्ब ८१ करोड उठाउने लक्ष्य राखिएकोमा २०६३ वैशाख १५ गतेसम्म रु. ४७ अर्व २४ करोड मात्र असुली हुन सकेको छ जुन गत वर्षको सोही अवधिको तुलनामा ३.७ प्रतिशतले ऋणात्मक छ ।

१६. हालसम्मको राजस्व असुलीको तथ्याङ्कीय प्रवृति हेर्दा राजस्व संकलन अनुमान गरिए भन्दा निकै कम हुने सम्भावना छ । प्रशासनिक प्रकृयामा सुधार, कर र भन्सार व्यवस्थापनमा सरलीकरण, मूल्याङ्कन व्यवस्थामा सुधार र मूल्य अभिवृद्धि करतर्फ विल विजक लिने दिने जस्ता प्रशासनिक व्यवस्थालाई प्रभावकारी बनाउँदै जाँदा पनि चालू आर्थिक वर्षको निमित्त अनुमान गरिएको

रु. ८१ अर्व ८१ करोडको तुलनामा रु. ७३ अर्बको हाराहारीमा मात्र असुली हुनसक्ने अनुमान गरिएको छ ।

**सार्वजनिक खर्च**

१७. उत्पादनशील क्षेत्रमा सार्वजनिक खर्चको उपयोग नगरी विगतको सरकारले हचुवाका आधारमा साधारण खर्चमा वृद्धि गरेको छ । आर्थिक वर्ष २०६२/६३ मा चालु खर्च रु. ७५ अर्ब ८५ करोड, पूँजीगत खर्च रु. ३७ अर्ब २३ करोड र साँवा भुक्तानी वापत रु. १३ अर्ब ८ करोड गरी जम्मा रु. १२६ अर्ब ८८ करोड खर्च गर्ने प्रस्ताव गरिएको थियो ।

१८. २०६३ बैशाख १५ गतेसम्मको नगद बजेट निकासा रु. ६९ अर्ब ६८ करोड भएकोमा रु. ६१ अर्ब २७ करोड खर्च भइसकेको छ ।

१९. आर्थिक वर्ष २०५७/५८ मा रु. ४५ अर्व ८३ करोडको चालु खर्च भएकोमा आर्थिक वर्ष २०६०/६१ मा रु. ५५ अर्व ५५ करोड पुग्यो भने आर्थिक वर्ष २०६१/६२ मा अझ बढ्न गई रु. ६१ अर्व ६९ करोड पुग्न गएको छ । चालु आर्थिक वर्षको बैशाख १५ गतेसम्ममा नगद चालु खर्च रु. ४३ अर्ब ५० करोड भइसकेको छ र आर्थिक वर्षको अन्त्यसम्ममा जम्मा रु. ६६ अर्ब ७० करोडको हुनसक्ने देखिएको छ ।

२०. आर्थिक वर्ष २०५७/५८ सम्म सरकारी पूँजीगत खर्च क्रमशः बढ्दै गई प्रचलित मूल्यमा रु. २८ अर्व ३० करोड पुगेकोमा त्यस पछिका वर्षमा कमिक रुपमा घट्दै गई आर्थिक वर्ष २०६०/६१ मा रु. २३ अर्व ९ करोड र २०६१/६२ मा रु. २७ अर्व ३४ करोड भएको छ । चालु आर्थिक वर्षको वैशाख १५ गतेसम्म नगद पूँजीगत खर्च जम्मा रु. १० अर्व ९ करोड मात्र भएको छ । यद्यपी, हालैको राजनैतिक परिवर्तन पश्चात् शान्ति सुरक्षाको स्थितिमा अनुकूल प्रभाव पर्ने भई आर्थिक वर्षको अन्तसम्ममा पूँजीगत खर्च जम्मा रु. ३१ अर्व ३१ करोडसम्म हुनसक्ने देखिएको छ । आर्थिक वृद्धिको लागि आवश्यक तत्व पूँजीगत खर्चमा बढोत्तरी हुन नसकिरहेको अवस्थामा चालु खर्चमा भने व्यापक वृद्धि भएको छ (विस्तृत विवरण अनुसूची २ मा छ) ।

२१. आर्थिक वर्ष २०५८/५९ सम्म वार्षिक विनियोजित रकमकै सीमाभित्र रहने गरेको राजदरवारसम्बन्धी खर्च आर्थिक वर्ष २०५९/६० र त्यस पछिका वर्षमा वार्षिक विनियोजित रकम पनि अत्यधिक वृद्धि भएको र आर्थिक वर्षको बीचमा ठूलो रकम थप निकासा स्वरुप जाने गरेकोले सार्वजनिक खर्च व्यवस्थापन असहज हुन गएको छ । आर्थिक वर्ष २०५८/५९ मा राजदरवार खर्चको लागि विनियोजन रु. १२ करोड ६३ लाख र खुद खर्च रु. १२ करोड ६२ लाख थियो । प्रतिनिधिसभा विघटन भए पछिको पहिलो आर्थिक वर्षमै राजदरवारको लागि विनियोजन रु. ४० करोड ७९ लाख पुग्यो भने यथार्थ खर्च रु. ४५ करोड १४ लाख पुग्न गएको थियो । आर्थिक वर्ष २०६०/६१ मा यो खर्च रु. ५७ करोड ६ लाख पुग्न गयो । चालु आर्थिक वर्षको हालसम्ममा शुरु विनियोजन रु. ३५ करोड र थप निकासा गरी राजदरवारसम्बन्धी खर्च जम्मा रु. ७५ करोड १२ लाख पुगेको छ (विस्तृत विवरण अनुसूची ३ मा छ) ।

२२. सरकारलाई दीर्घकालिन दायित्व पर्ने गरी र विकास खर्चका लागि छुट्याउनु पर्ने रकममा व्यापक कटौती गरी आर्थिक वर्ष २०५८/५९ पछिका वर्षहरुमा सुरक्षाकर्मीको संख्या र सुरक्षा खर्चमा वृद्धि गरिएको छ । आर्थिक वर्ष २०५८/५९ मा सुरक्षाकर्मीको दरवन्दी १,२१,३३३ भएकोमा हाल सोको संख्या १,६५,२६१ पुगेको छ । वार्षिक सुरक्षासम्बन्धी खर्च आर्थिक वर्ष २०५८/५९ मा रु. १२ अर्व ८ करोड रहेकोमा चालु आर्थिक वर्षको बजेट विनियोजन रु. १८ अर्व ९९ करोड पुगेको छ र २०६२ चैत मसान्तसम्ममा रु. १६ अर्व ४५ करोड खर्च भइसकेको छ (विस्तृत विवरण अनुसूची ४ मा छ) ।

२३. चालु आर्थिक वर्षमा विनियोजन गरेको बजेटका अतिरिक्त २०६३ वैशाख १५ गतेसम्ममा विभिन्न सरकारी निकायले जम्मा रु. ७ अर्व ६५ करोड थप निकासा मांग गरेकोमा रु. ३ अर्ब १८ करोड निकासा गइसकेको छ (विस्तृत विवरण अनुसूची ५ मा छ) । यसरी गैर बजेट निकासा मांग हुनुमा मूलतः आन्तरिक द्वन्द्व चर्किंदै जानु र सोको सैनिक समाधान निमित्त सुरक्षा निकायले थप स्रोत मांग गर्नु, उच्चस्तरीय विदेश भ्रमण खर्चिलो हुनु, अनावश्यक नगर निर्वाचन गराईनु र सोको सुरक्षा प्रयोजनमा अत्याधिक खर्च हुनु रहेको छ । प्रतिनिधिसभा तथा जनउत्तरदायी सरकारको अभावमा यसरी निकासा भएका रकमहरु अपारदर्शी एवं अनुत्पादकरुपमा खर्च भएको अनुमान सहजै गर्न सकिन्छ ।

२४. चालु आर्थिक वर्षमा मात्रै देशको वर्तमान अवस्था, स्रोत परिचालनको अवस्था र गरीव जनताको आवश्यकतालाई हेर्दै नहेरी र बजेटमा विनियोजन नै नगरी विमान तथा हेलिकोप्टर खरीदका लागि करीव रु. ३ अर्ब ३० करोडको दायित्व सिर्जना गरिएको, शाही नेपाली सेनातर्फ १० हजार दरवन्दी थप गरी राज्यलाई वार्षिक करीब रु. १ अर्ब २१ करोडको दायित्व थप गरिएको, रु. ३६ करोड जति उच्चस्तरीय वैदेशिक भ्रमणमा खर्च गरिएको, प्रमुख राजनैतिक दलहरु सहभागी नहुने जान्दाजान्दै अनावश्यक रुपमा गैर लोकतान्त्रिक ढङ्गले नगरपालिका निर्वाचन गराई रु. २८ करोड जति खर्च गरेको र नेपाल आयल निगमलाई रु. १ अर्ब गैर बजेट लगानी गरेकाले चालु वर्षको सार्वजनिक खर्च व्यवस्थापन अत्यन्तै कमजोर रहन गएको छ । यो विसंगतिको प्रभाव सरकारी वित्त स्थितिमा आगामि धेरै वर्षसम्म पर्ने देखिन्छ ।

२५. जनआन्दोलन नियन्त्रण र दमन गर्नकोलागि गृह मन्त्रालयलाई थप रु. १ करोड निकाशा गएको थियो । तत्कालिन गृह मन्त्रीको आदेशबाट मिति २०६२ पुस १२ गते देखि २०६३ बैशाख ५ गते सम्मका अधिकांश दिनहरुमा दैनिक रु. ५ लाखका दरले खर्च भएको थियो । गृह मन्त्रालय तथा अन्तर्गतका सुरक्षा निकायहरुको बजेट भित्रकै रकम परिचालन गरी लेखामा अन्य प्रयोजन देखाई आन्दोलन दबाउन खर्च भएको रकम समावेश गर्न सकिएको छैन । आन्दोलन दबाउन खर्च हुन सक्ने गरी सञ्चार माध्यम अनुदानको लागि सूचना तथा सञ्चार मन्त्रालयलाई रु. २ करोड ५० लाख विनियोजन नगरिएको रकम निकासा भएको छ (विस्तृत विवरण अनुसूची ६ मा छ) । त्यसै गरी, विनियोजित एवम् विनियोजन नगरिएको अन्य रकमहरु समेत अपारदर्शीरुपमा लोकतान्त्रिक जनआन्दोलन दबाउने गरी व्यापक दुरुपयोग भएको अनुमान गरिएको छ । यहाँ उल्लेख गरिएको रकमका अतिरिक्त क्षेत्रीय र अञ्चल प्रशासकहरुले स्थानीय निकायहरु, नगरपालिकाहरुको रकम जनआन्दोलन नियन्त्रण गर्न दुरुपयोग गरेको जानकारीमा आए तापनि यथार्थ तथ्याङ्क उपलब्ध छैन ।

**अन्य आर्थिक विषयहरु**

२६. आर्थिक वर्ष २०५८/५९ सम्म उपभोग कुल गार्हस्थ उत्पादनको ८७.० प्रतिशत जति रहेकोमा पछिल्ला वर्षहरुमा यो केही बढ्न गई ८८.० प्रतिशत पुगेको छ । राष्ट्रिय बचत बढ्न नसकेको परिप्रेक्ष्यमा गरिवी निवारणका लागि आवश्यक आर्थिक वृद्धि हासिल गर्न वाह्य लगानीमा बढी निर्भर रहनु पर्ने स्थिति छ ।

२७. आर्थिक वर्ष २०५८/५९ मा सञ्चालित कुल ३८ सार्वजनिक संस्थानहरु मध्ये २३ वटा नोक्सानमा रहन गई कुल नोक्सानी रु. ५ अर्ब ४८ करोड रहेको थियो । तत्पश्चात यो घाटा रु. ५ अर्ब ९२ करोड पुगेको देखिन्छ । हालका वर्षहरुमा नोक्सानीको आयतन अझ बढ्न गएको अनुमान गर्न सकिने अवस्था छ । संख्यात्मक हिसाबले नोक्सानीमा रहेका सार्वजनिक संस्थानहरुको संख्या केही कम भएको देखिएतापनि समष्टीगतरुपमा खुद नोक्सानी रकम बढ्दै गएको छ । केही संस्थानहरुको आर्थिक वर्ष २०५८/५९ को तुलनामा हालका वर्षहरुमा

अस्वःभाविकरुपले नोक्सानी बढ्दै गएको अवस्था छ । उदाहरणको लागि आर्थिक वर्ष २०५८/५९ मा करीब रु. ८४ लाख मुनाफा आर्जन गरेको उदयपुर सिमेण्ट उद्योगको वार्षिक नोक्सानी करीब रु. १३ करोड पुगेको छ भने करीब रु. ७ करोड र रु. ८८ करोड नोक्सानीमा रहेको नेपाल आयल निगम र नेपाल विद्युत् प्राधिकरणको वार्षिक नोक्सानी क्रमशः रु. ४ अर्ब ५० करोड र रु. १ अर्ब ४१ करोड पुगेको छ ।

२८. आर्थिक वर्ष २०५८/५९ मा संस्थानहरुमा श्री ५ को सरकारको शेयर लगानी र ऋण लगानी क्रमशः रु. २३ अर्ब ४३ करोड र रु. ५२ अर्ब ९७ करोड रहेकोमा तत्पश्चात यी लगानीहरु क्रमशः रु. ५९ अर्ब ६ करोड र रु ५१ अर्ब ७७ करोड पुगेको देखिन्छ ।

२९. आर्थिक वर्ष २०५८/५९ को अन्तसम्ममा रु. ५ अर्ब २४ करोड संचित जगेडा रहेको नेपाल आयल निगमको सञ्चित नोक्सानी अहिले आएर करीव रु. ११ अर्ब पुगेको छ । विभिन्न वित्तीय संस्थाहरुलाई रु. ४ अर्ब ४४ करोड र इण्डियन आयल कर्पोरेशनलाई रु. ५ अर्ब ७५ करोड समेत गरी निगमको जम्मा दायित्व रु. १० अर्ब १९ करोड पुगेको छ । निगमको आन्तरिक स्रोतबाट यो दायित्व चुक्ता गर्न सक्ने अवस्था छैन । अन्तर्राष्ट्रिय रुपमा पेट्रोलियम पदार्थमा आएको अत्याधिक मूल्य वृद्धिले वर्तमान अवस्थामा निगम प्रति महिना करीव रु. ५८ करोड घाटामा रहेको छ ।

३०. विगत चार वर्षमा वित्तीय क्षेत्रको सुधारमा सरकारकातर्फबाट नै अवरोध सिर्जना गर्ने काम भयो । फलस्वरुप दुई वाणिज्य बैंकहरुको व्यवस्थापन सुधार गर्न ठूलो खर्च गरिएपनि खराब कर्जाको रकम अझै पनि उच्चस्तरमा छ । यी बैंकहरु भाखा नाघी नियतवश नतिरिएको ठूलो परिमाणको कर्जाबाट अझै ग्रसीत छन् ।

**चुनौती र भावी दृष्टिकोण**

३१. चालु आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व उठ्न नसक्ने, आर्थिक सुधारका कार्यक्रममा शिथिलता आएकाले बजेट सहयोग स्वरुप दातृ पक्षबाट प्राप्त हुनुपर्ने सहायता रकमहरु प्राप्त हुन नसकेको र सरकारी खर्च अन्दाधुन्द, गैर जिम्मेवारीरुपमा गरिएकोले खर्च र आम्दानीको बीचमा सन्तुलन हुन नसकी वित्तीय घाटा अत्यन्तै बढी हुने देखिएको छ ।

३२. सालबसाली दायित्वका रुपमा रहने चालु प्रकृतिको खर्चमा वृद्धि गरिएकोले तत्काल ठूलो परिमाणमा चालु खर्च कटौती गर्न सकिने सम्भावना न्यून छ । आउँदा दिनहरुमा यस्ता प्रकृतिका खर्च वृद्धि हुन नदिई गरिवी निवारण, पुनर्निर्माण र पुनर्स्थापनाका लागि आवश्यक पर्ने थप पूँजीगत खर्चका लागि स्रोत जुटाउने काम चुनौतीपूर्ण हुने देखिन्छ ।

३३. विगतमा सिर्जना गरिएका दायित्वको प्रभाव तत्काल कम गर्न नसकिने र पूँजीगत प्रकृतिको विकास खर्चमा कमी आउन दिन नहुने पृष्ठभूमिमा सरकारका साम् ऐतिहासिक जनआन्दोलनले सिर्जना गरेको दीर्घकालिन शान्ति स्थापनाको बाटोमा अग्रसर हुन थप खर्च गर्नु पर्ने आवश्यकता रहेको छ । प्रतिनिधिसभाले अनुमोदन गरेको संविधान सभाको कार्य चांडो सम्पन्न गर्न तत्काल तयारी प्रारम्भ गर्न र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सँगको वार्ता पछि राजनैतिक व्यवस्थापन गर्न थप खर्च लाग्ने अवस्था छ । जनआन्दोलनको क्रममा दिवगंत भएका शहिदका परिवारलाई तत्काल आर्थिक सहायता र घाइतेको उपचारका लागि थप खर्चको आवश्यकता छ । यसै गरी परिवर्तन र शान्ति स्थापनाको बाटोमा अग्रसर भएको अनुभुति जनतालाई दिन तत्काल पुनर्निर्माण र द्वन्द पिडितको पुनर्स्थापनाको कार्य प्रारम्भ गर्नु आवश्यक छ । यसले गर्दा चालु आर्थिक वर्षमा नै सरकारी खर्चमा केही वृद्धि हुन जाने देखिन्छ ।

३४. राजस्व संकलनको हालसम्मको अवस्थाको आधारमा बाँकी अवधिमा जति सुकै प्रयास गरेपनि वृद्धि हुने खर्चको लागि पुग्ने गरी थप राजस्व संकलन हुन सक्ने अवस्था छैन । आर्थिक वर्ष सकिन लागेको र अर्थतन्त्र पनि संकटमुक्त भइनसकेको अवस्थामा राजस्व नीतिहरुमा तत्कालै परिवर्तन गरी थप राजस्व प्राप्त हुने सम्भावना छैन । यसले गर्दा बजेट घाटा बढ्न सक्ने सम्भावना देखिएको छ ।

३५. चालु आर्थिक वर्षको आन्तरिक ऋण उठाउने लक्ष्य रु. ११ अर्व ८५ करोड रहेकोमा २०६३ वैशाख १५ गते सम्ममा रु. ७ अर्व १० करोड उठाइसकिएको छ । बाँकी अवधिमा उठाउन पाइने कानूनी सीमासम्मको रु. ४ अर्व ७५ करोडले बढ्न सक्ने खर्च धान्न सक्ने अवस्था छैन ।

३६. वैदेशिक सहायतातर्फ दातृ निकायहरुबाट प्रतिवद्धता जनाइएको रकम तोकिएको क्षेत्र वा कार्यक्रम भन्दा बाहिर गई खर्च गर्न मिल्दैन । त्यसैले प्रतिवद्धताको आधारमा अनुदान तर्फ रु. १८ अर्व ६९ करोड र ऋण तर्फ रु. १४ अर्व ५३ करोड वार्षिक अनुमान गरिएको भएपनि यथार्थमा चालु आर्थिक वर्षमा अनुदानतर्फ रु. १३ अर्व ४ करोड र ऋणतर्फ रु. ७ अर्व ७४ करोड मात्र उपयोग हुन सक्ने सम्भावना छ । आर्थिक सुधारका कार्यक्रमहरु कार्यान्वयन गर्न सरकारले विगतमा व्यक्त गरेका प्रतिवद्धताहरु पूरा नगरेका कारण विश्व बैंकसँगको गरिवी निवारण सहायता कर्जाको दोस्रो किस्ताको रकम र एशियाली विकास बैंकसँगको सार्वजनिक क्षेत्र सुधार कार्यक्रम र शासकीय सुधार कार्यक्रम कर्जाको दोस्रो किस्ताका रकमहरु चालु आर्थिक वर्षमा प्राप्त गर्न सकिने सम्भावना न्यून छ ।

३७. प्रक्षेपित खर्च र राजस्व तथा खर्च पूर्ति गर्ने अन्य स्रोतहरुको अनुमानको आधारमा रु. ५ अर्व ९ करोड थप न्यून हुन जाने देखिएको छ (विवरण अनुसूची ७ मा छ) । यो रकम अधिविकर्ष वा आन्तरिक ऋणबाट पूर्ति गर्ने प्रयास गर्दा वित्तीय असन्तुलन बढ्न गई यसैपनि कमजोर अर्थतन्त्रमा थप समस्या उत्पन्न हुन सक्ने देखिन्छ । यस परिप्रेक्ष्यमा वैदेशिक सहायता परिचालनको विगतको स्थितिमा सुधार ल्याई चालु आर्थिक वर्षमै बजेट सहयोगको रुपमा बैदेशिक सहायता वृद्धि गर्न प्रयास गर्नु आवश्यक भएको छ ।

३८. सरकारी खर्च उच्च दरमा बढिरहेको, राजस्व असूली ऋणात्मक रहेको र थप नयाँ कार्यक्रमको आवश्यकता परेको वर्तमान अवस्थामा स्रोतको आवश्यकता र उपलब्धताबीचको अन्तराल निकै बढ्न गएको छ । यो अन्तराललाई कम गर्न चालु आर्थिक वर्षको २ महिना मात्र बाँकी रहेको हुँदा आर्थिक नीतिहरु परिवर्तन गरी ठूलो परिमाणमा राजस्व असुली बढाउने र खर्च कटौती गर्न सकिने सम्भावना देखिंदैन । प्रशासनिक प्रयासबाट खर्च व्यवस्थापन र राजस्व संकलनमा प्रभावकारीता ल्याई केही आर्थिक स्रोत जगेर्ना गर्ने र नपुग आर्थिक स्रोतको लागि अनुदान एवं ऋणको व्यवस्था गरी तत्कालको आवश्यकता पुरा गर्नुपर्ने विकल्प मात्र सरकारसँग रहेको छ ।

३९. अनुत्पादक एवम् दीर्घकालीन दायित्व सिजना गर्ने खालका खर्चहरु अविलम्व कटौती गर्नुपर्ने भएको हुँदा जहाज खरीद तथा दरवन्दी थप गर्ने जस्ता कार्यहरु स्थगित गरिएका छन्; हातहतियार तथा नयाँ सवारी साधन खरीद गरी थप दायित्व सिर्जना गरिने छैन्; सरकारी खर्चमा गरिने अनावश्यक विदेश भ्रमण, सभा, गोष्ठी, अन्तरकृया आदिमा रोक लगाईएको छ; र गैर बजेट निकासामा नियन्त्रण गरिने छ ।

४०. राजस्व संकलन कार्यलाई कडाइको साथ अनुगमन गरी प्रशासनिक प्रयासद्वारा आर्थिक वर्षको बाँकी अवधिको लक्ष्य अनुरुप राजस्व संकलन गरिने छ ।

४१. विगतको असहज परिस्थितिमा निजी क्षेत्रको व्यवसाय संकुचन हुँदै गएको थियो । अत्यन्त कठीन परिस्थितिमा आफ्नो व्यवसायलाई संचालन गर्दै आएको निजी क्षेत्रले व्यवसायिक वातावरणमा केही सुधारको लक्षण देखेको भएपनि पूरै आश्वस्त भइनसकेको अवस्था कायमै छ । खुला

वातावरणमा निर्धक्क व्यवसाय संचालन गर्न पाउने हक सुनिश्चित गर्न र समग्र रुपमा वैदेशिक लगानी सहज रुपमा भित्रिन सक्ने लगानी-मैत्री वातावरण सिर्जना गर्न शान्ति सुरक्षाको स्थितिमा सुधार ल्याउनुका अतिरिक्त देशमा हाल विद्यमान उर्जा संकटलाई संवोधन गर्न नयाँ परियोजनाहरुको कार्य प्रारम्भ गर्नु आवश्यक भएको छ । ग्रामीण उद्यम र लगानीका लागि बजार पहुँच विस्तार गर्न ग्रामीण सडकहरुमा लगानी वढाउनु पनि उत्तिकै जरुरी छ । शिथिल अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गरी आय एवम् रोजगारीका नयाँ अवसरहरु सिर्जना गर्न औद्योगिक शान्ति एवम् भयमुक्त वातावरण हुनु आवश्यक छ । यसकोलागि देशका सबै राजनीतिक शक्तिहरु प्रतिवद्ध रहनु जरुरी छ । यसको अभावमा राष्ट्रको प्रतिस्पर्धी क्षमता घट्ने छ, निर्यात क्षमताहरु क्षीण हुँदै जानेछन्, परनिर्भरता बढ्ने छ र बेरोजगारी तथा गरीबीले झन विकराल रुप लिनेछ ।

४२. वित्तीय क्षेत्रमा रहेको निष्कृय कर्जाको ठूलो परिमाणले गर्दा उत्पादनशील क्षेत्रमा नयाँ लगानी हुन सक्ने सम्भावना कम हुन गएको छ भने वित्तीय क्षेत्र पनि धराशायी हुन सक्ने देखिएको छ । सरकारी बैंकहरु मात्र नभएर निजी क्षेत्रका बैंकहरुमा पनि नियतवश ऋण नतिर्ने, दुरुपयोग गर्ने नियत राखी ऋण लिने व्यक्तिहरुको पहुँच रहेको छ । वित्तीय क्षेत्रमा संकट आउन नदिन यो प्रवृत्तिलाई रोक्न आवश्यक कारवाही गर्न सरकार कटिवद्ध रहने छ ।

४३. जनआन्दोलनका शहीदका परिवार र आस्रितहरुप्रतिको दायित्व, घाइते भएकाहरुको उपचार, अपाङ्ग र पिडितहरुलाई क्षतिपूर्ति, द्वन्दबाट विस्थापित भएकाहरुको पुनर्स्थापना र ध्वस्त भएका भौतिक संरचनाहरुको पुनर्निर्माण जस्ता तत्कालका आवश्यकता पूरा गर्न राहत प्रस्ताव (Relief Package) शिघ्र ल्याईने छ । ग्रामीण क्षेत्रमा तत्काल रोजगारीका अवसरहरु सिर्जना गर्न सार्वजनिक सम्पत्तिहरुको पुनर्निमाण, ग्रामीण भौतिक पूर्वाधारहरुको निर्माण कार्यमा व्यापकता ल्याउन सरकारी लगानी बढाइने छ ।

४४. जननिर्वाचित सरकार भएका बेला प्रारम्भ गरिएका आर्थिक सुधारका कार्यक्रमहरुलाई अझ फराकिलो बनाउँदै छोटो अवधिमा गरीब जनतालाई प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने गरी सेवा प्रवाह लगायतका आर्थिक सुधारका कार्यक्रमहरु समाविष्ट भएको एउटा अन्तरिम सुधार कार्यक्रम छिट्टै जनसमक्ष ल्याइने छ ।

४५. दीर्घकालीन राजनीतिक समाधान र शान्ति बहालीको सम्भावना प्रबल भएको वर्तमान अवस्थामा नेपाललाई सहयोग गर्ने दातृ राष्ट्र तथा बहुराष्ट्रिय संस्थाहरुलाई विगतमा रोकिएका सहयोग आयोजनाहरु तत्काल प्रारम्भ गर्न, तत्कालको नगद संकट समाधानकालागि बजेट सहयोग प्रदान गर्न, ग्रामीण पूर्वाधार निर्माणमा व्यापकता ल्याउने तथा आर्थिक पुनर्निमाण गर्ने सरकारको योजना कार्यान्वयन गर्न उदार सहयोग प्रदान गर्न आह्वान गर्दछु । यसै गरी नेपाल असुरक्षित गन्तव्यस्थल छ भनी विगतमा जारी गरेका यात्रा सुझाव (Travel Advisory) रद्द गरी नेपाललाई सुरक्षित गन्तव्यस्थल मानिदिई बढी से बढी संख्यामा नेपालभित्र पर्यटक भित्र्याउने काममा सहयोग पुऱ्याउन सबै मित्र राष्ट्रहरुलाई आग्रह गर्दछु ।

*सभामुख महोदय,*

४६. नेपाली जनताले २०६२/६३ को जनआन्दोलनबाट शान्त र समृद्ध नेपालको निर्माण गर्ने बाटो सुगम हुने विश्वास व्यक्त गरेका छन् । तत्कालको परिस्थिति चुनौतिपूर्ण छ, आर्थिक क्षेत्र तहसनहस भएको छ तर वर्तमान स्थितिमा सुधार ल्याउन सकिन्छ । नेपाल र नेपाली अर्थतन्त्रको उत्थानकोलागि जुनसुकै पनि कदम उठाउन यो सरकार कटिवद्ध छ । अन्त्यमा, समृद्ध नेपालको निर्माण गर्ने जनताको सपना साकार तुल्याउन सकिन्छ भन्ने मेरो ढृढ अठोट र विश्वास छ । जनआन्दोलनका बेला जुन अदम्य साहसका साथ व्यापक जनसमर्थन प्राप्त भयो, आर्थिक पुनर्निर्माणका लागि पनि आम जनताको अभूतपूर्व सहयोग र समर्थन प्राप्त भइरहने छ भन्ने विश्वास लिएको छु ।

# मूख्य आर्थिक परिसूचकहरुको तुलनात्मक विवरण

| विवरण | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन (२०५१/५२ को मूल्यमा) रु. करोडमा | २५१७५.८ | २६७०९.६ | २८०१०.६ | २७९१६.९ | २८७८५.७ | २९७२३.१ | ३०३२९.८ | ३०८७६ |
| *कृषि* | ९६१५.१ | १००८५.६ | १०६३८.० | १०८७५.२ | १११४७.१ | ११५७७.४ | ११९०१.६ | १२०८०.१ |
| *गैर कृषि* | १५५६०.७ | १६६२४.० | १७३७२.६ | १७०४१.७ | १७६३८.६ | १८१४५.७ | १८४२८.२ | १८७९६.८ |
| कुल गार्हस्थ उत्पादन वृद्धिदर | ४.५ | ६.१ | ४.९ | -०.३ | ३.१ | ३.३ | २.० | १.८* |
| *कृषि* | २.८ | ४.९ | ५.५ | २.२ | २.५ | ३.९ | २.८ | १.५* |
| *गैर कृषि* | ५.३ | ६.८ | ४.५ | -१.९ | ३.५ | २.९ | १.६ | २.०* |
| कुल वस्तु निर्यात कुल गार्हस्थ उत्पादनको तुलनामा (प्रतिशतमा) | १०.४ | १३.१ | १३.५ | ११.१ | १०.९ | १०.९ | ११.०* | |
| कुल वस्तु आयात कुल गार्हस्थ उत्पादनको तुलनामा (प्रतिशतमा) | २५.६ | २८.६ | २८.१ | २५.४ | २७.२ | २७.५ | २८.०* | |
| व्यापार घाटा कुल गार्हस्थ उत्पादनको तुलनामा (प्रतिशतमा) | -१५.२ | -१५.५ | -१४.६ | -१४.३ | -१६.३ | -१६.६ | -१४.०* | |
| चालु खाता कुल गार्हस्थ उत्पादनको तुलनामा (प्रतिशतमा) | ०.१ | ४.५ | ४.९ | ४.३ | २.५ | २.९ | ५.५* | |
| संकुचित मुद्रा प्रदाय प्रतिशत परिवर्तन | १३.१ | १९.४ | १५.७ | ९.३ | ८.६ | १२.२ | ६.६** | |
| विस्तृत मुद्रा प्रदाय प्रतिशत परिवर्तन | २०.८ | २१.८ | १५.२ | ४.४ | ९.८ | १२.८ | ८.३** | |
| मुद्रास्फिति दर प्रतिशत | ११.४ | ३.५ | २.४ | २.९ | ४.८ | ४.० | ४.५ | ७.८** |
| बैंकिङ्ग क्षेत्रबाट प्रवाहित कुल कर्जामा निजी क्षेत्र कर्जाको अंश प्रतिशत | ६७.३ | ६९.३ | ६७.५ | ६४.३ | ६६.१ | ६८.७ | ६९.० | |
| कुल निर्यात प्रतिशत परिवर्तन | २९.६ | ३९.६ | ११.७ | -१५.६ | ६.४ | ८.० | ८.९ | |
| कुल आयात प्रतिशत परिवर्तन | -१.६ | २३.९ | ६.६ | -७.२ | १५.८ | ९.६ | ९.७ | |
| निर्यात/आयात अनुपात प्रतिशत | ४०.७ | ४५.९ | ४८.१ | ४३.७ | ४०.२ | ३९.६ | ३९.३ | |
| चालु खाता रु. करोडमा | २३.५ | १७०८.४ | २०१४.९ | १८१६.१ | ११६१.५ | १४५९.८ | ११५४.५ | |
| शोधनान्तर स्थिति रु. करोडमा | ९८४.० | १४४४.८ | ५२२.१ | -३३४.३ | ४३६.४ | १६००.१ | ५७४.४ | |
| वैदेशिक विनिमय संचिति रु. करोडमा | ७६६५.१ | ९३८५.८ | १०५१७.३ | १०५९०.१ | १०८२२.९ | १३०२०.१ | १३०३३.० | |
| विनिमय दर अमेरिकी डलर (वार्षिक सरदर) | ६८.५ | ७०.९ | ७५.० | ७८.३ | ७७.८ | ७४.० | ७२.०६ | |

* प्रारम्भिक अनुमान

** संशोधित अनुमान

अनुसूची २

# सरकारी आय तथा व्ययको तुलनात्मक विवरण

रु. करोडमा

| विवरण | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ संशोधित अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| राजस्व | ३७२५.१० | ४२८९.३८ | ४८८९.३६ | ५०४४.५५ | ५६२२.९८ | ६२३३.१० | ७०१२.२७ | ७३५७.०० |
| चालु खर्च | ३१९४.४२ | ३५५७.९१ | ४५८३.७३ | ४८८६.३९ | ५२०९.०५ | ५५५५.२१ | ६१६८.६४ | ६६७०.०० |
| पूँजीगत खर्च | २२९९.२१ | २५४८.०७ | २८३०.७२ | २४७७.३४ | २२३५.६१ | २३०९.५६ | २७३४.०७ | ३१३१.०० |
| सावाँ भुक्तानी खर्च | ४६४.२७ | ५२१.२७ | ५६९.०६ | ६४३.४९ | ९५५.९५ | १०७९.४९ | १३५३.३३ | १३२८.०० |
| वैदेशिक सहायता (ऋण र अनुदान) | १६१८.९० | १७५२.३९ | १८७९.७४ | १४३८.४८ | १५८८.५५ | १८९१.२४ | २३६५.७२ | २०७७.५३ |
| आन्तरिक ऋण (अधिविकर्ष समेत) | ६१३.९० | ५८५.४८ | १२१४.४१ | १५२४.१९ | ११८९.०८ | ८१९.९२ | ८७८.०५ | १६९४.४७ |
| | | | | | | | | |
| राजस्व वृद्धिदर | | १५.१५ | १३.९९ | ३.१७ | ११.४७ | १०.८५ | १२.५० | ४.९२ |
| चालु खर्च वृद्धि दर | | ११.३८ | २८.८३ | ६.६० | ६.६० | ६.६५ | ११.०४ | ८.१३ |
| पूँजीगत खर्च वृद्धिदर | | १०.८२ | ११.०९ | -१२.४८ | -९.७६ | ३.३१ | १८.३८ | १४.५२ |
| सावाँ भुक्तानी खर्च वृद्धिदर | | १२.२८ | ९.१७ | १३.०८ | ४८.५६ | १२.९२ | २५.३७ | -१.८७ |
| वैदेशिक सहायता वृद्धिदर | | ८.२५ | ७.२७ | -२३.४७ | १०.४३ | १९.०५ | २५.०९ | -१२.१८ |
| आन्तरिक ऋण वृद्धिदर | | -४.६३ | १०७.४२ | २५.५१ | -२१.९९ | -३१.०५ | ७.०९ | ९२.९८ |
| **कुल गार्हस्थ उत्पादनको तुलनामा प्रतिशत** | | | | | | | | |
| **कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा)** | ३४२०३.६० | ३७९४८.८० | ४११२७.५० | ४२२८०.७० | ४५६६७.५० | ४९५५८.९० | ५२९००.३० | ५७९७८.७३ |
| राजस्व | १०.८९ | ११.३० | ११.८९ | ११.९३ | १२.३१ | १२.५८ | १३.२६ | १२.६९ |
| चालु खर्च | ९.३४ | ९.३८ | ११.१५ | ११.५६ | ११.४१ | ११.२१ | ११.६६ | ११.५० |
| पूँजीगत खर्च | ६.७२ | ६.७१ | ६.८८ | ५.८६ | ४.९० | ४.६६ | ५.१७ | ५.४० |
| सावाँ भुक्तानी खर्च | १.३६ | १.३७ | १.३८ | १.५२ | २.०९ | २.१८ | २.५६ | २.२९ |
| वैदेशिक सहायता (ऋण र अनुदान) | ४.७३ | ४.६२ | ४.५७ | ३.४० | ३.४८ | ३.८२ | ४.४७ | ३.५८ |
| आन्तरिक ऋण (अधिविकर्ष समेत) | १.७९ | १.५४ | २.९५ | ३.६० | २.६० | १.६५ | १.६६ | २.९२ |

अनुसूची ३

# राजदरबारसम्बन्धी खर्चको विवरण

रु. हजारमा

| आर्थिक वर्ष | विनियोजन | यथार्थ खर्च * |
|---|---|---|
| २०५८/५९ | १२६२८५ | १२६२२६ |
| २०५९/६० | ४०७९०० | ४५१३८० |
| २०६०/६१ | ३४९१४९ | ५७०५८३ |
| २०६१/६२ | ३५००७५ | ३८४४४६ |
| २०६२/६३ | ४०५०७५ | ७५११६५ ** |

* उच्चस्तरीय वैदेशिक भ्रमणमा खर्च भएको रकम समेत समावेश गरिएको ।

** २०६२/६३ चैतसम्मको निकासामा आधारित ।

अनुसूची ४

# सुरक्षा निकायको तुलनात्मक विवरण

(रकम रु. हजारमा)

| सुरक्षा निकायको नाम | आर्थिक वर्ष २०५८/५९ | | | आर्थिक वर्ष २०५९/६० | | | आर्थिक वर्ष २०६०/६१ | | | आर्थिक वर्ष २०६१/६२ | | | आर्थिक वर्ष २०६२/६३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरवन्दी संख्या | विनियोजन | यथार्थ खर्च | दरवन्दी संख्या | विनियोजन | यथार्थ खर्च | दरवन्दी संख्या | विनियोजन | यथार्थ खर्च | दरवन्दी संख्या | विनियोजन | यथार्थ खर्च | दरवन्दी संख्या | विनियोजन | चैत्रसम्म यथार्थ खर्च |
| शाही नेपाली जङ्गी अड्डा | ५७८४६ | ४५२५५३६ | ५८५९८४८ | ६२८४६ | ७२२८१८२ | ७३८१४७४ | ७२३४६ | ७१७९४०९ | ८५१९९३१ | ८५७८९ | ७५०५०५० | १०४१५१०० | ९५७५३ | १०९००००० | ९९२८६९२ |
| नेपाली प्रहरी | ४६५८६ | ३८९२२७४ | ४६६६६३५ | ४६५८६ | ४४१४२१२ | ४५४७६८७ | ४६५८६ | ४४७५६४९ | ४५२९५५७ | ४६५५२ | ४८२५५५१ | ४५६७८२३ | ४७४११ | ५३९६९८५ | ४३५०६२९ |
| सशस्त्र प्रहरी बल | १५३९६ | १९००००० | १३७७३६१ | १५३९६ | १८८७०६० | १६७०४७१ | १५३९६ | १८०३२९६ | १७८६६०७ | १६९१८ | १९२४२८३ | २७८४२२१ | २०४२८ | २४८३४४४ | २००७८९६ |
| राष्ट्रिय अनुसन्धान विभाग | १५०५ | १५४१७१ | १७९०३५ | १५०५ | १६७५७४ | १६६११३ | १५०५ | १८२१६५ | १८०५९० | १५०५ | १९७६८४ | २३२७४६ | १६६९ | २१०५७५ | १५९६४७ |
| **जम्मा** | **१२१३३३** | **१०४७१९८१** | **१२०८२८७९** | **१२६३३३** | **१३६९७०२८** | **१३७६५७४५** | **१३५८३३** | **१३६४०५१९** | **१५०१६६८५** | **१५०७६४** | **१४४५२५६८** | **१७९९९८९०** | **१६५२६१** | **१८९९१००४** | **१६४४६८६४** |

अनुसूची ५

# गैर बजेट निकासा

रु. करोडमा

| | | |
|---|---|---|
| १. | नेपाल आयल निगम ऋण लगानी | १००.०० |
| २. | भुकम्प पिडित ऋण मिन्हाका लागि अर्थ मन्त्रालयमा निकासा | १५.९१ |
| ३. | श्री ५ महाराजधिराजको सार्क सम्मेलन र अफ्रिका भ्रमणका लागि परराष्ट्र मन्त्रालयमा निकासा | १६.२२ |
| ४. | श्री ५ युवराजको भियना भ्रमणका लागि परराष्ट्र मन्त्रालयमा निकासा | ४.०२ |
| ५. | संचार माध्यम अनुदानको, संचार मन्त्रालयका नाममा निकासा | २.५० |
| ६. | विश्व हिन्दु संमेलनको रजत जयन्तीका लागि संस्कृति पर्यटन मन्त्रालयको नाममा निकासा | ०.४० |
| ७. | नगर पालिका निर्वाचन प्रयोजनको लागि विविध खर्चमा गृह मन्त्रालयको नाममा निकासा | १.५० |
| ८. | नगर पालिका निर्वाचन सुरक्षाका लागि सुरक्षा निकायहरुलाई निकासा | १४.६६ |
| ९. | बन्द तथा हडताल नियन्त्रण गरी शान्ती व्यवस्था कायम गर्न | ०.६५ |
| १०. | आन्तरिक राजश्व विभाग अर्न्तगत १००० जना विजक निरिक्षकको पारिश्रमिक | ०.५० |
| ११. | नगर निर्वाचन प्रयोजनका लागि सरकारी सवारी साधन र मर्मत र भाडामा लिने प्रयोजनका लागि गृह मन्त्रालयका नाममा निकासा | १.४५ |
| १२. | सुरक्षा निकायबाट नियन्त्रणमा लिइएका व्यक्तिहरुको व्यवस्थापन गर्न गृह मन्त्रालयका नामा निकासा | ०.३३ |
| १३. | श्री ५ महाराजधिराजको सं.रा.संघको भ्रमण सम्बन्धि होटल बुकिङ्ग रद्द चार्ज | ०.५९ |
| १४. | श्री ५ महाराजधिराज इण्डोनेशिया र चीन भ्रमण | ६.६९ |
| १५. | श्री ५ महाराजधिराजको कतार भ्रमण | ३.८७ |
| १६. | श्री ५ युवराजधिराजको जापान, कोरीया, थाइल्याण्ड भ्रमण | २.७९ |
| १७. | श्री ५ युवराधिराजको साउदी अरेविया | ०.२३ |
| १८. | विभूषण वनाउन गृह मन्त्रालयलाई थप | ०.४६ |
| १९. | उपाध्यक्षद्धयको थप सुविधा | ०.११ |
| | **कुल जम्मा** | **१७२.८८** |
| | **सम्बन्धित मन्त्रालयको बजेट अन्तर्गत ९.०१ भैपरीमा विनियोजित रकमबाट खर्च भएको विवरण** | |
| २०. | शाही नेपाली जङ्गी अड्डालाई २ वटा चाइनिज हवाई जहाज खरिद गर्न रक्षा मन्त्रालयमा निकाशा | ३९.५९ |
| २१. | शाही नेपाली जङ्गी अड्डालाई २ थान हेलिकप्टर खरिद गर्न प्रतित पत्र खोल्ने रक्षा मन्त्रालयमा निकासा | २०.०० |
| २२. | व.शि.नं. ९५–३–९४१ (राजदरवार खर्च) कौशी तोषा खाना मार्फत निकाशा | ५.०० |
| २३. | शाही सेनाको थप दरबन्दीको लागि गाडि खरिद (रक्षा वजेटको वांडाफांड) | ०.९३ |
| २४. | शाही नेपाली जङ्गी अड्डालाई Mine Protective Vechile खरिद गर्न (रक्षा बजेटको वांडफांड) | ६.०० |
| २५. | शाही नेपाली सेनामा ८००० दरबन्दी थप गर्न (भैपरीवाट वांडफांड) | ७२.०० |
| | **जम्मा** | **१४३.५२** |
| | **परराष्ट्र मन्त्रीको वैदेशिक भ्रमण** | |
| २६. | कतार भ्रमण (निकासा दिन बाँकी) | ०.०५ |
| २७. | जेनेभा भ्रमण | ०.३४ |
| २८. | पाकिस्तान तथा रुस | ०.१६ |
| २९. | चीन | ०.१० |
| ३०. | संयुक्त राष्ट्र संघ भ्रमण | ०.६८ |
| | **जम्मा** | **१.३३** |

# सूचना तथा सञ्चार मन्त्रालयबाट आर्थिक सहायता तथा एकद्धार विज्ञापन रकम वितरणको विवरण

**१. सामाजिक सेवा अनुदानको वितरण :**

| क.सं. | अनुदान पाउने संस्था/व्यक्ति | रकम रु. | निर्णय मिति |
|---|---|---|---|
| १. | राष्ट्रिय पत्रकार महासंघ (जसोधा प्रधान) | १,२६,००० | २०६२।१०।२० |
| २. | राष्ट्रिय पत्रकार महासंघ (जसोधा प्रधान) | ४,९५,००० | २०६२।११।१९ |
| ३. | राष्ट्रिय पत्रकार महासंघ (निरोधराज पाण्डे) | १०,००,००० | २०६३।०१।०५ |
| ४. | नेपाल केबुल टेलिभिजन संघ (हरिशरण लामिछाने) | २,००,००० | २०६२।१०।०९ |
| ५. | राष्ट्रिय पत्रकार महासंघ काठमाडौं (यज्ञ ढकाल) | २०,००० | २०६२।११।१९ |
| ६. | रिपोटर्स क्लव (ऋषि धमला) | २०,००० | २०६२।११।१९ |
| ७. | सम्पादन/प्रकाशक महासंघ (देवेन्द्र गौतम) | १,८०,००० | २०६२।११।१९ |
| ८. | साहित्यिक पत्रकार संघ (राधेश्याम लेकाली) | २,००,००० | २०६२।११।१९ |
| ९. | नेपाल चलचित्र कलाकार संघ (रमेश बुढाथोकी) | ३,००,००० | २०६२।११।१९ |
| १०. | राष्ट्रिय प्रेस क्लव नेपाल (रामकृष्ण कर्माचार्य) | २०,००० | २०६२।११।२५ |
| ११. | आर्थिक तथा सामाजिक सचेतनाको लागि सञ्चार (ओजश्वी गौतम) | ३०,००० | २०६२।११।०८ |
| १२. | सूचना विभाग | १,२५,००० | २०६२।११२५ |
| १३. | राष्ट्रिय समाचार समिति | ६,००,००० | २०६२।१२।१४ |
| १४. | सम्पादक समाज नेपाल (देवेन्द्र गौतम) | १,८०,००० | २०६२।११।२९ |
| १५. | नेपाल बुद्धिजीवी एवम् सम्पर्क मञ्च (श्रीकृष्ण पौडेल) | ६०,००० | २०६२।१०।२५ |
| १६. | जयन्त के.सी., जनकपुर | १०,००० | राज्य मन्त्रीको निजी सचिवमार्फत |
| १७. | मनोज सिंह, जलेश्वर | १०,००० | ,, |
| १८. | रामकिशुन यादव, राजविराज | १०,००० | ,, |
| १९. | सुमन कार्की, इटहरी | १०,००० | ,, |
| २०. | विष्णुकुमार दास | १०,००० | ,, |
| २१. | शम्भु दाहाल, रामकोट, काठमाडौं | १०,००० | ,, |
| २२. | महेन्द्र थापा, भोजपुर | १३,००० | ,, |
| २३. | मोहन श्रेष्ठ, गोरखा | १७,००० | ,, |
| २४. | सम्पादक समाज नेपाल (गोविन्द वियोगी) | १,२५,००० | २०६२।०७।०३ |
| २५. | सञ्चार समूह नेपाल (रामहरि चौलागाई) | २५,००० | २०६२।०८।१० |
| २६. | नेपाल बुद्धिजीवी सम्पर्क एवं विचार मञ्च (श्रीकृष्ण पौडेल) | ५,००० | २०६२।०८।१२ |
| २७. | राष्ट्रिय पत्रकार महासंघ (जसोधा प्रधान) | २५,००० | २०६२।०७।११ |
| २८. | राष्ट्रिय पत्रकार महासंघ (जसोधा प्रधान) | १८,५०० | २०६२।०८।२२ |
| २९. | नेपाल प्रेस क्लव | १०,००० | २०६२।०८।२२ |
| ३०. | रिपोटर्स क्लव | १,५०,००० | |
| ३१. | सम्पादक प्रकाशक महासंघ | ४०,००० | |
| ३२. | सम्पादक समाज नेपाल | १,००,००० | |
| ३३. | नेपाल पत्रकार महासंघ | २,००,००० | |
| ३४. | चलचित्र विकास बोर्ड | ८०,००,००० | राष्ट्रिय चलचित्र महोत्सवको लागि |
| ३५. | आमसञ्चार कार्यदल | २,५७,९९९ | आमसञ्चार कार्यदलका सदस्यहरुको पारिश्रमिक आदिमा खर्च |
| | जम्मा : | १,२६,०२,४९९ | |

**२. एकद्वार विज्ञापन नीति अन्तर्गत रकम पाउने समाचार संस्थाको विवरण :**

| क्र.सं. | भुक्तानी पाउने संस्थाको नाम | रकम रु. |
|---|---|---|
| १. | गोरखापत्र संस्थान | ६१,४३,८७९।०५ |
| २. | नेपाल समाचारपत्र | ३६,५२,९२८।९६ |
| ३. | राजधानी | ७,८७,८७५।०८ |
| ४. | हिमालय टाइम्स | ४,८३,५९०।२८ |
| | जम्मा : | १,१०,६८,२७३।३७ |

अनुसूची ७

# चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको आय-व्ययको विवरण र संशोधित अनुमान

(रु.लाखमा)

| | २०६२/६३ को शुरु बजेट अनुमान | चैत्रसम्मको यथार्थ | संशोधित अनुमान | संशोधित अनुमान प्रतिशतमा |
|---|---|---|---|---|
| **कुल राजश्व** | **८१८१६६** | **४६३७००** | **७३५७००** | **८८.२३** |
| | | | | |
| **कुल खर्च** | **१२६८८५१** | **६१२४००** | **१११२९००** | **८९.४२** |
| चालु खर्च | ७५८५०० | ४२९५०० | ६६७००० | ८७.९४ |
| पूंजीगत खर्च | ३७२३३९ | ११७१०० | ३१३१०० | ८४.०९ |
| सांवा भुक्तानी खर्च | १३८०१२ | ६५८०० | १३२८०० | ९६.२२ |
| | | | | |
| **अनुदानअघिको बचत (+) वा न्यून (-)** | **-४५०६८५** | **-१४८७००** | **-३७७२००** | **७०.०७** |
| अनुदान | १८६८६९ | ७०६०० | १३०३५२ | ६९.७६ |
| | | | | |
| **अनुदानपछिको बचत (+) वा न्यून (-)** | **-२६३८१६** | **-७८१००** | **-२४६८४८** | |
| *न्यून वित्त व्यहोर्ने स्रोतहरु* | | | | |
| वैदेशिक ऋण | १४५३१६ | २७८०० | ७७४०१ | ५३.२६ |
| आन्तरिक ऋण | ११८५०० | ७०९०० | १६९४४७ | १४२.९९ |
| | | | | |
| नगद मौज्दातमा परिवर्तन बचत (+) वा न्यून (-) | | | | |

* कानूनी रुपमा जम्मा रु. ११ अर्व ८५ करोड मात्र आन्तरिक ऋण उठाउन पाईने सीमा भएकोले सो भन्दा बढि देखिएको रु. ५ अर्व ९ करोड बैदेशिक ऋण वा अनुदानबाट पूर्ति गर्नु पर्ने हुन्छ।